*अनूसुची-१*

## *कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति सम्बन्धी व्यवस्था*

### *गठन व्यवस्था*

सञ्चालक समितिले एक जना गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । समितिको सदस्यहरु मध्ये लेखा सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य, जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिव हुनेछन् ।

### *समितिको काम कर्तव्य र उत्तरदायित्व*

(क) इजाजतपत्रप्राप्त संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न संचालक समितिलाई आवश्यक सहयोग गर्ने ।

(ख) समितिले समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले इजाजतपत्रप्राप्त संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) इजाजतपत्रप्राप्त संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित संचालक समितिमा सिफारिश गर्ने ।

(घ) इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्यांकनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्यांकन प्रणालीको पुनरावलोकन गर्ने ।

(ङ) जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृति विकास, कार्यसम्पादन मूल्यांकन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी संचालक समिति समक्ष पेश गर्ने ।

(च) कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि संचालक समिति समक्ष सिफारिश गर्ने ।

*अनूसुची-२*

## जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

*गठन व्यवस्था*

सञ्चालक समितिले एक जना गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्ने छ । समितिको सदस्यहरु मध्ये सन्चालन (अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र कर्जा विभागका विभागीय प्रमुख वा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अलग्गै इकाई भएमा सोको प्रमुख सदस्य सचिव हुनेछ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नु पर्ने छ ।

*समितिको काम कर्तव्य र उत्तरदायित्व*

(क) विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।

(ख) व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा संचालक समितिमा सुझाव पेश गर्ने ।

(ग) व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्यांकन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र संचालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

(घ) जोखिम सम्पत्ति अनुसार पुंजीको पर्याप्तता, आन्तरिक पुंजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी संचालक समितिलाई आवश्यक राय, सुझाव दिने ।

(ङ) जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एव्म संरचना विकास गर्नका लागि संचालक समितिलाई सुझाव दिने ।

(च) "क" वर्गको बैंक र राष्ट्रियस्तरको "ख" वर्गको विकास बैंकले नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गरी सोको परिणाम माथि छलफल गरी यसका आधारमा भविष्यमा अपनाउनुपर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि संचालक समितिमा सुझाव पेश गर्ने ।

(छ) संचालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी संचालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(ज) इजाजतपत्रप्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समिक्षा गरी सन्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(झ) अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित संचालक समितिमा प्रतिवेदन पेश गर्ने ।